नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पर्यटन विभाग**
(.........................................)

महानिर्देशक:- ५३४७०३७
प्रशासन:- ५३६२२२८ (निर्देशक)
भृकुटीमण्डप, काठमाडौं ।

मिति:२०८२।१२।०३

पत्र संख्या:-
च.नं.:- ९६७७

श्री ट्रेकिङ्ग एजेन्सी (Expedition सञ्चालन गर्ने) सबै,

विषयः परिपत्र ।

प्रस्तुत विषयमा सन् २०२६ को Spring Season सूरुवातसगै नेपालका हिमाल आरोहण गतिविधिलाई व्यवस्थित र सुरक्षित बनाउनुका साथै सो सम्बन्धमा यस विभागबाट सञ्चालन गरिने प्रशासकीय कामकारवाहीलाई समेत चुस्त बनाउन देहायका विषयहरुको पालना गर्ने सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि मिति २०८२।१२।०३ को निर्णयानुसार अनुरोध छ ।

१. हिमाल आरोहण अनुमति लिनुपर्ने समयभन्दा कम्तिमा २ दिन अघि पर्वतारोहण सम्बन्धी नियमावली,२०८२ (छैटो संशोधन) को अनुसूची-१ बमोजिमको विस्तृत विवरण भरेको निवेदन पेश गर्ने।
२. आरोहण अनुमति माग गर्ने निवेदनमा सहयोगी कर्मचारीको विवरण समेत अनिवार्य उल्लेख हुनुपर्ने, आरोहण अनुमतिको निवेदन पेश गर्दा सरदार अनिवार्य तोक्नुपर्ने । आकस्मिक सहयोगी कर्मचारी थप गर्नुपर्ने भएमा स्पष्ट कारणसहित कति जना कुन मितिमा विस्तृत विवरण उल्लेख गरी विभागबाट पूर्वस्वीकृति लिएर मात्र थप गर्नुपर्ने।
३. पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम २१ मा अन्तिम शिविरमा पुगेका सरदार, पर्वतीय पथ प्रदर्शक वा उचाईमा जाने कामदारलाई पर्वतारोही दलले हिमालचुली आरोहण गर्न अवसर दिनुपर्ने व्यवस्था बमोजिम त्यस्ता सहयोगीहरुले आरोहण दलको सदस्य अन्तिम शिविरमा पुगेको अवस्थामा मात्र आरोहण गर्नुपर्ने ।
४. हिमाल आरोहण अनुमति माग गर्दा आरोहण दलका सदस्य र सहयोगी कर्मचारीहरुको हालसालै खिचेको फोटो अनिवार्य प्रणालीमा अपलोड गर्ने र सोही फोटो प्रमाणपत्रमा प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्ने ।
५. सहयोगी कामदारको इच्छापत्र र करारमा नियमावलीको ढाचाँ बमोजिमको विस्तृत विवरण कम्पनि र कामदार दुबैले अनिवार्य भर्नुपर्ने ।
६. सार्वजनिक विदाको दिन बाहेक प्रत्येक दिनको ३:०० बजे (शुक्रबार २:०० बजे) टोली नेता, एजेन्सीको प्रतिनिधि र सम्पर्क अधिकृतको उपस्थितमा संयुक्त रुपमा विभागको सभाकक्षमा Briefing हुनेछ।
७. हाल निवेदन पेश गर्दा Hard Copy र Soft Copy दुबैमा कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेकोमा आगामी दिनमा सक्कल निवेदनका साथ सलामी दस्तुर र गारवेज तिरेको सक्कल भौचर, इन्स्योरेन्सको सक्कल र सदस्यको पासपोर्टको प्रतिलिपि, नेपाली नागरिकको हकमा नागरिकताको प्रतिलिपि मात्रै फाईलमा संलग्न गरी विभागमा पेश गर्ने साथै अन्य आवश्यक कागजात एजेन्सीले प्रमाणित गरी हिमाल आरोहण अनुमति प्रणालीमा अपलोड गर्नुपर्ने ।
८. हिमाल आरोहणको क्रममा भएको उद्धार (Rescue) सम्बन्धी विवरण पर्यटन विभाग र पर्यटक प्रहरीको कार्यालय, भृकुटीमण्डपमा अनिवार्य बुझाउनुपर्ने ।
९. अन्य व्यवस्था प्रचलित ऐन, नियमको परिधिभित्र रहेर आरोहण गतिविधि सञ्चालन गर्ने गराउने ।

**पूनश्चः सन् २०२५ को Winter Season सम्मको अवधिमा हिमाल आरोहण गर्दा/गराँउदा राखिएको फोहोरमैला धरौटी वापतको रकम फिर्ता नभएको भए आवश्यक कागजात सहित शिघ्र विभागमा निवेदन पेश गर्नुहुन र निवेदन पेश भएको बढीमा ७ दिनभित्र धरौटी रकम फिर्ता हुने जानकारी गराईन्छ ।**

12/03

(शर्मिला बन्जाडे)
शाखा अधिकृत